नेपाल सरकार
गृह मन्त्रालय
# नेपालप्रहरी प्रधान कार्यालय
## केन्द्रीय अनुसन्धान ब्यूरो
(प्रशासन शाखा)

फोनः ०१-४५११७७६
Ext: १५
फ्याक्स : ०१-४४१४३९१

पो.ब.नं.४०७
महाराजगंज, काठमाडौं

मिति: २०८०/०५/२७ गते।

## प्रेस विज्ञप्ति-६

### " अवैध सुन पैठारी तथा संगठित अपराध "

नेपालमा सुन पैठारी गर्न नेपाल राष्ट्र बैकको पूर्व स्वीकृती लिएर बाणिज्य बैकहरुले मात्र पैठारी गर्न पाउने, कुनै ब्यक्तिगत फर्म तथा ब्यक्तिले पाउने ब्यवस्था नभएको अवस्थामा रेडी ट्रेड प्रा.लि. समेतका विभिन्न कम्पनीहरू दर्ता गरी सुनलाई सवारी साधनको ब्रेक प्याड समेतका ईलेक्ट्रोनिक मालबस्तुमा सोहि मालबस्तुको स्वरुपमा लुकाई छिपाई अवैध रूपमा सुन पैठारी गर्ने पूर्व योजना सहित बिभिन्न तहमा जिम्मेबारी पुरा गर्न समूह बनाएर आपराधिक समूहको लाभको लागि गरि अबैध सुन पैठारी गर्ने क्रममा मिति २०८०।०४।०२ गते राजस्व अनुसन्धान विभागको टोलीले सिनामंगल स्थित त्रि.बि.भन्सार कार्यालय परिसर बाहिर बा २ ज २३२४ नम्बरको ट्याक्सीमा गाडीको ब्रेक प्याड १६० सेट सहित ८ कार्टुन वरामद भई परिक्षण पश्चात सुन रहेको एकिन भए पश्चात राजस्व अनुसन्धान विभागले अवैध सुन चोरी पैठारी राजस्व छली मुद्दा दर्ता भएको र १९ दिनसम्मको अनुसन्धानबाट थप १६ जना पक्राउ गरि कसुरजन्य कार्यमा सलग्न रहेका यी अभियुक्तहरु समेतको आपराधिक कार्य, संगठित अपराध निवारण ऐन, २०७० ले परिभाषित गरे अनुसार संगठित अपराध मुद्दामा अनुसन्धान हुन भनी राजस्व अनुसन्धान विभागको च.नं. २२९ मिति २०८०।०४।२१ गते केन्द्रीय अनुसन्धान ब्यूरोलाई थप अनुसन्धानको लागि फाईल सहित प्राप्त भई मिति २०८०/०४/२२ गते अवैध सुन पैठारी तथा संगठित अपराध मुद्दा दर्ता भई अनुसन्धान कार्य शुरु भएको।

- हाल सम्मको अनुसन्धानको क्रममा जम्मा ३२ जना नेपाली तथा बिदेशी नागरिकहरू पक्राउ परेका र रेडिट्रेड प्रा.लि.बाट आयात गरिएका ब्रेकप्याडहरूमा लुकाई छिपाई अवैध पैठरी गरेको जम्मा वरामद ६०.७१६ किलो र सुन निकाली पुन प्याकिङ गरिएको अवस्थामा वरामद भई आएका ब्रेकप्याडहरूको तौलबाट एकिन गरिएको ३०२.०६२ किलो गरी जम्मा ३६२.७७८ किलोग्राम सुनको हुन आउने मुल्य रू. ३,५०,०२,१६,५५२/- (तिन अरब पचास करोड, दुई लाख सोह्र हजार पाँच सय वाउन्न) बराबरको सनु अवैध पैठारी भएको पुष्टि हुन आएको।
- त्यसैगरी सुन अवैध पैठारी गर्न खडा गरिएका अन्य पाँच वटा कम्पनीहरू मार्फत ल्याईएको सुनको विवरण एकिन गर्नका लागि थप अनुसन्धान जारी राखिएको।
- यस प्रकरणमा संलग्न ५ जना विदेशि नागरिकहरूले झुटा विवरण पेश गरि नेपाली नागरिकता तथा राहदानी समेत लिएको पुष्टि हुन आएको हुदाँ सो सम्बन्धमा समेत थप अनुसन्धान भई रहेको।

- सुनको अवैध पैठारीमा संलग्न नेपाली तथा बिदेशी नागरिकहरूले अन्तरदेशिय अपराधिक संगठित संञ्जाल खडा गरी Cryptocurrency (USDT) तथा बिभिन्न Digital wallet (Alipay, Antpay, globpay, winpay) समेत बाट सुनको भुक्तानी र बिदेशी मुद्राको अवैध कारोबार समेत गरेको देखिएकोले नेपाल राष्ट्र बैंक समेतको सहयोगमा थप अनुसन्धान जारी रहेको ।

**सुन तस्करको लागि खडा गरिएको कम्पनी, गोदाम, स्टोर:**

| सि.नं. | कम्पनी | संचालक | कार्यालय |
|---|---|---|---|
| १) | Chhungak electric suppliers kathmandu | लेखनाथ कार्की डोली | बाँसवारी |
| २) | भुजेल ईलेक्ट्रिक सप्लायर्स प्रा.लि. | राम कुमार भुजेल | गोपिकृष्णको पारी (चावहील) |
| ३) | Hwada electric suppliers pvt ltd | कुमार बहादुर भुजेल | सामाखुसी |
| ४) | पवाटी ईलेक्ट्रीक सप्लायर्स प्रा.लि | राम बहादुर भुजेल | वाँसवारी |
| ५) | दोलखा ईलेक्ट्रिक सप्लायर्स प्रा.लि | बिकुन्द्र भुजेल | लाजिम्पाट, हात्तिगौडा |
| ६) | रेडी ट्रेड प्रा.लि. | दिलिप भुजेल | बालुवाटार |
| ७) | सरिता सप्लायर्स | सरिता तामाङ | बुढानिलकण्ठ |

**सुन गाल्ने स्थानहरू:**

| सि.नं. | विवरण | स्थान |
|---|---|---|
| १) | टोखा नगरपालका वडा नं. २ | टोखा |
| २) | का.म.न.पा- वडा नं. २ लाजिम्पाट | लाजिम्पाट |

**सुन तस्करीका लागि आयात गरी ल्याइएका माल बस्तु:**

ब्रेक प्याड, सेभर, स्माट वाच र बिभिन्न प्रकारका बिद्युतिय उपकरणहरू

**बरामद दशीहरू:**

| सि.नं. | विवरण | परिणाम | कैफियत |
|---|---|---|---|
| १. | सुन | ६०. ७१६ के.जी | |
| २. | ब्रेक प्याड | ११८० सेट | |
| ३. | सुन गाल्ने मेशिन | १० थान | |
| ४. | गाल्न प्रयोग हुने रसायन तथा अन्य औजार, उपकरण | - | |

**हाल सम्म पक्राउ गरिएका प्रतिवादीहरू:**

| सि न | व्यक्ति | संख्या | |
|---|---|---|---|
| १. | त्रिभुवन बिमानस्थल भन्सार कार्यालयका कर्मचारीहरू | ८ | फरार संख्या : १८ |
| २. | भन्सार एजेन्ट | ४ | |
| ३. | कार्गो एजेन्ट | ३ | |

| | | | |
|---|---|---|---|
| ४. | ट्याक्सी चालक | १ | |
| ५. | भाषा अनुवादक/कोठा खोज्ने | १ | |
| ६. | कम्पनी खोल्ने | २ | |
| ७. | कम्पनी खडा गर्ने/ र माल बस्तु व्यवस्थापक | २ | |
| ८. | सुनको कारोवारमा संलग्न | ११ | |
| | **जम्मा** | **३२ जना** | |

नेपाल सरकार गृह मन्त्रालय नेपाल प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान ब्युरो

<u>कानुनी कारवाही</u>:

- भन्सार ऐन २०६४ को दफा ५७ (१) (घ) को १ (ख) अनुसार
- संगठित निवारण ऐन २०७०
- नेपाल राष्ट्र बैंक ऐन २०५८ को दफा ९५
- मुलुकी अपराध संहिता, २०७४ को दफा ४३ को एकिकृत कसूर
- नेपाल नागरिकता ऐन २०६३
- राहदानी ऐन २०७६
- अध्यागमन ऐन २०४९

**प्रवक्ता तथा सूचना अधिकारी**
**(नवराज अधिकारी)**
**प्रहरी उपरीक्षक**
**सम्पर्क: ९८५१२९१३११**